# “निफ्रा हरित उर्जा ऋणपत्र ६% - २०८८/८९” सूचीकरण गरिएको सम्बन्धी प्रेस विज्ञप्ति




नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड बीच ७ वर्ष अवधि तथा ६ प्रतिशत ब्याजदर भएको “निफ्रा हरित उर्जा ऋणपत्र ६% - २०८८/८९” अंकित तथा चुक्ता मूल्य रु.१,०००।- को कुल ५०,००,००० कित्ता ऋणपत्र मिति २०८२/०३/२५ मा सूचीकरण सम्झौता सम्पन्न भएको छ । उक्त सम्झौता पत्रमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री चुणामणी चापागाईं र नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर अधिकारीले हस्ताक्षर गर्नुभयो । सूचीकरण पश्चात यो ऋणपत्रको दोस्रो बजारमा कारोबार शुरु हुनेछ ।

नेपालको यस पहिलो हरित ऋणपत्रको निष्काशनले मुलुकमा हरित लगानी बजारको विकास गर्न एउटा महत्वपूर्ण कोषेढुङ्गा स्थापित हुनेछ । नेपाल इन्फ्रास्ट्रक्चर बैंकले यस ऋणपत्रको निष्काशनबाट संकलित रकम वातावरणीय सन्तुलन कायम गर्न सहयोग पुर्‍याउने नवीकरणीय उर्जा उत्पादन गर्ने परियोजनाहरुमा लगानी गर्नेछ । यसरी दिगो पूर्वाधार परियोजनाहरुमा वित्तीय लगानी सहजीकरण हुनुले नेपालको समग्र हरित पूर्वाधारको विकासमा ठूलो सहयोग पुग्ने अपेक्षा बैंकले लिएको छ ।